gmati Province Scholarship.jpeg (JPEG Image, 908 × 1280 pixels) https://webmail.ntc.net.np/service/home/~/?auth=co&id=22750&pa...

बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०८२/०८३
चलानी नम्बरः

## स्नातक तहमा छात्रवृत्तिका लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०३।१८

काठमाडौं विश्वविद्यालय, केन्द्रीय कार्यालय धुलिखेलको मिति २०८३।०३।०९ को पत्रानुसार काठमाडौं विश्वविद्यालयले शैक्षिक सत्र २०८३।८४ मा स्कूल अफ इन्जिनियरिङ र स्कूल अफ साइन्स अन्तर्गत तपसिलमा उल्लिखित कार्यक्रमहरुको लागि एक-एक जना विद्यार्थीहरुलाई पूर्ण शुल्क छात्रवृत्ति प्रदान गर्न यस मन्त्रालयबाट सिफारिस माग भई आएकोले बागमती प्रदेशभित्र स्थायी बसोबास भई कक्षा १२ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरुले आफूले अध्ययन गर्न चाहेको तपसिलको कुनै एक विषयमा देहायबमोजिको कागजात सहित मिति २०८३ असार ३२ गतेभित्र (PDF File) यस मन्त्रालयको इमेल **mosd.bagamati@gmail.com** मार्फत दरखास्त पेश गर्नुहुन सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

क. शैक्षिक छात्रवृत्ति कार्यक्रमको विवरण

1. B.Sc.in Environmental Science
2. B.Sc.in Agriculture
3. Bachelor in Health Informatics
4. B.E.in Mining Engineering
5. B.E.in Chemical Engineering
6. B.E.in Environmental Engineering

ख. दरखास्त पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु

१. विद्यार्थीले अध्ययन गर्न चाहेको कार्यक्रम, सम्पर्क नं./इमेल सहितको निवेदन पत्र
२. कक्षा १२ उत्तीर्ण शैक्षिक प्रमाणपत्रहरु
३. बागमती प्रदेशमा स्थायी बसोबास भएको प्रमाणित हुने पत्र (जन्मदर्ता/ नागरिकता/ बसाँइसराइ वा अन्य)

रुद्र शर्मा
उपसचिव

फोन नं.: ०५७५२३८२९, इमेलः mosd.bagamati@gmail.com, वेबसाइटः mosd.bagamati.gov.np

मिति: २०८३/०३/३०

श्री प्रमुखज्यू,
सम्पूर्ण महानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरु
बागमति प्रदेश, नेपाल

विषय: **B.Sc. in Environmental Science अध्ययनका लागिं बागमती प्रदेश सरकार मार्फत छात्रवृत्तिको अवसर ।**

उपर्युक्त सम्बन्धमा काठमाडौं विश्वविद्यालयको तर्फबाट यस विश्वविद्यालयमा अध्यापन हुने ***B.Sc. in Environmental Science*** लगायत अन्य उल्लेखित विषयहरुमा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकार मार्फत छात्रवृत्ति प्रदान गर्ने व्यहोरा जानकारी गराउंदछौं ।

सो सम्बन्धि सूचना सम्बन्धित मन्त्रालयले प्रकाशन गरिसकेको छ, प्रकाशित सूचना यसै इमेल मार्फत पनि पठाएका छौं । सो सूचना अनुसार इच्छुक विद्यार्थीहरुले **आवेदन बुझाउने अन्तिम मिति २०८२ असार ३२** गते रहेको व्यहोरा ध्यानाकर्षण गराउंदछौं । त्यसैले आफनो पालिका भित्रका १०+२ वा सो सरह उत्तीर्ण गरेका तथा ***B.Sc. in Environmental Science*** अध्ययन गर्न इच्छुक विद्यार्थीहरुलाई यो अवसर बारे जानकारी गराई अध्ययनका लागि प्रोत्साहित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

वातावरण बिज्ञान एक अन्तर विषयक तथा व्यवहारमुखी विषय हो, जसले वैज्ञानिक ज्ञानलाई व्यवहारिक समाधानसंग जोड्दै जलवायु परिवर्तन, जैविक विविधता संरक्षण, जलस्रोत व्यवस्थापन, प्रदुषण नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा दीगो विकास जस्ता समसामयिक चुनौतिहरुको समाधानका लागि दक्ष जनशक्ति तयार गर्दछ । यस विषयका स्नातकहरुले सरकारी निकाय, अनुसन्धान संस्था, गैरकारी संस्था, उद्योग, परामर्शदाता संस्था, अन्तर्राष्ट्रिय संघसंस्था तथा कम्पनीहरुमा विविध रोजगारीका अवसरहरु प्राप्त गर्न सक्छन् ।

यस प्रदेश स्तरीय छात्रवृत्तिको अलवा काठमाडौं विश्वविद्यालयले ***B.Sc. in Environmental Science*** अध्ययनका लागि अन्य विविध छात्रवृत्ति योजनाहरु समेत उपलब्ध गराउदै आएको छ । जसको विवरण यसै साथ संलग्न गरी पठाएका छौं । प्रदेश सरकारको छात्रवृत्तिमा छनौट हुन नसकेका विद्यार्थीहरुले पनि यस विश्वविद्यालयबाट प्रदान गरिने छात्रवृत्तिका अवसरहरुका बारेमा जानकारी प्राप्त गरी सो अवसर लिएर अध्ययन गर्न सकुन भन्ने हाम्रो धारणा रहेको छ ।

***B.Sc. in Environmental Science*** मा भर्ना प्रक्रिया तथा छात्रवृत्ति सम्बन्धि थप जानकारी आवश्यक परेमा सम्पर्कका लागि हार्दिक अनुरोध गर्दछौं ।

डा. स्मृति गुरुङ,
विभागिय प्रमुख, वातावरण विज्ञान विभाग,
काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रेपलान्चोक ,
इमेल : ese_admission@ku.edu.np / ese_hod@ku.edu.np
सम्पर्क : ९७१२०१२६६६/९८२०१०८००३।

# SCHOLARSHIP ANNOUNCEMENT

## B.Sc. in Environmental Science

### KATHMANDU UNIVERSITY
### SCHOOL OF SCIENCE

| | In tuition fee |
|---|---|
| 7 seats | 100% (Provincial) |
| 1 seat | 75% (Entrance topper) |
| 5 seats | 50% (Merit Basis) |
| 4 seats | 25% (Merit Basis) |
| 3 seats | Need Basis (1 x 50%, 2 x 25% |

**CANDIDATES MAY CHANGE THEIR APPLIED PROGRAM FROM JULY 29-30, 2026 THROUGH THE ONLINE APPLICATION PORTAL**

SCAN HERE